CORONAVÍRUS | **COVID-19**

# कोभिड १९ महामारीकोमा, सामाजिक सुरक्षा सुदृढीकरण गर्ने विशेष उपायहरू

०७ मईमा कानुनी अध्यादेश नं- २० सी/२०२० को अनुमोदन गरियो, जसले विशेष सामाजिक सुरक्षा उपायहरू स्थापना गर्दछ।

वार्षिक ८० हजार यूरो सम्मको कारोबार भएका र सेवामा कामदार भएका, व्यवस्थापन कार्यमा संलग्न कानुनी व्यक्तिहरुको वैधानिक निकाएका सदस्यहरुलाई तथा योगदनात्मक दायित्व नभएका वा विशेष सहायताको पहुँचको लागि अन्य सर्तहरु पुरा गर्न नसकेका स्वतन्त्र श्रमिकहरुलाई विशेष सहायताको उपायहरु विस्तार गरिएको छ।

व्यापारमा कटौती वा गिरावट आई सहायता पाउन आवश्यक सर्तहरु पुरा गर्न नसकेका स्वतन्त्र श्रमिकहरुलाई सहयोग गर्न नया नियमहरु  स्थापित गरिएको छ। योगदनात्मक दायित्व नभएका वा १२ महिना भन्दा कम समय आघि गतिविधि सुरु गरेका स्वतन्त्र श्रमिकहरु यस अन्तर्गत पर्दछन् जस वापत २१९.४० यूरो (सामाजिक सहायता निर्देशिका को आधा रकम) सम्मको सहायता पाउन सक्नेछन्।

व्यापारिक गतिविधिमा कटौती भएका र आवश्यक सर्तहरु पुरा भएका स्वतन्त्र श्रमिकहरुले पाउने विशेष सहायताको न्यूनतम रकम २१९.४० हुनेछ।

सामाजिक बेरोजगारी लाभ प्रधान गर्न आवश्यक अवधि आधा हुनेछ। श्रमिकहरुले प्रारम्भिक बेरोजगारी लाभ पाउन योग्य हुनेछन यदी :

बेरोजगार हुनु आघिको ठिक १२ महिनाको अभधिमा, कम्तिमा ९० दिन सम्मको आश्रित रोजगारीमा संलग्न भई मजदुरी अनुरुपको रेकर्ड भएमा;
यदि निश्चित आवधिको रोजगार सम्झौताको म्याद सकिएको वा प्रयोगात्मक अवधिमा रोजगारदाताद्वारा रोजगार सम्झौता खारेज गरिएको भए बेरोजगार हुनु आघिको ठिक १२ महिनाको अभधिमा, कम्तिमा ६० दिन आश्रित रोजगारीमा संलग्न भई, मजदुरी अनुरुपको रेकर्ड भएमा।

सामाजिक एकीकरण आय वा लाभ, सम्झौताको हस्ताक्षरमा निर्भर नहुने र उक्त प्रक्रिया सुव्यवस्थित तथा सरल गरिएको छ।

सामाजिक सुरक्षा प्रणालीबाट वञ्चित भएका व्यक्तिहरूलाई समावेश गर्नका निम्ति एक उपाय सिर्जना गरिएको छ यस अनुरुप सामाजिक सुरक्षा प्रणालीबाट वञ्चित भएका कामदारहरूले कर प्रशासनसँग स्वतन्त्र गतिविधि अर्थात् कारोबार सुरू गरे वा पुनःसुरु गरे २१९.४० यूरो (सामाजिक सहायता निर्देशिका को आधा रकम) अनुदान पाउनेछन्। ति व्यक्तिहरुहरु कम्तिमा २४ महिना सम्म सामाजिक सुरक्षा प्रणालीमा आबद्ध रहिरहनु पर्नेछ।

थप जानकारीको लागि: *कानुनी अध्यादेश नं- २० सी/२०२०:*
यस अध्यादेशले कोभिड १९ रोगको महामारीको दायरामा सामाजिक सुरक्षाका विशेष उपायहरू स्थापना गर्दछ र १३ मार्च २०२० को कानुनी अध्यादेश नं-१० ए/ २०२० को सातौं संशोधन गरि कोभिड १९ रोगको महामारीसंग सम्बन्धित विशेष र अस्थायी उपायहरूको पनि संशोधन गर्दछ।
(१३ मार्च २०२० को *कानुनी अध्यादेश नं- १० ए/ २०२०* संसोधित संस्करण)

REPÚBLICA PORTUGUESA
SECRETÁRIA DE ESTADO PARA A INTEGRAÇÃO E AS MIGRAÇÕES

ACM
ALTO COMISSARIADO PARA AS MIGRAÇÕES, I.P.